# नेपाल राष्ट्र बैंक

पोखरा कार्यालय

**अधिकृत आवास गृहमा सोलार हिटर जडान सम्वन्धी कार्य, कार्यालयमा कम्प्युटर नेटवर्किङ वायरिङ सम्वन्धी कार्य र कार्यालयमा सिसिटिभी जडान सम्वन्धी कार्य गर्ने बारेको सिलवन्दी दरभाउपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७३/१२/२२**

**सिलवन्दी दरभाउपत्र फाराम आईपुग्नु पर्ने अन्तिम मिति २०७४/१/५ गते दिनको ३:०० बजेभित्र**

**दरभाउपत्र फाराम खोल्ने मिति २०७४/१/५ गते समय : दिनको ४:०० बजे**

यस कार्यालयको अधिकृत आवास गृहमा सोलार हिटर जडान सम्वन्धी कार्य, कार्यालयमा कम्प्युटर नेटवर्किङ वायरिङ सम्वन्धी कार्य र कार्यालयमा सिसिटिभी जडान सम्वन्धी कार्य गर्नुपर्ने भएको हुँदा मूल्य अभिबृद्धि करमा दर्ता भएका ईजाजत प्राप्त फर्म/कम्पनी/सेवा प्रदायकहरुलाई यो सूचनामा तोकिएको मिति तथा समयभित्र यस कार्यालयमा आईपुग्ने गरी देहायमा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ।

१. दरभाउपत्रदाताले खाम बाहिरपट्टी शिरमा "बुँदा नं. २ मा उल्लेखित आफुले कार्य गर्न चाहेको शीर्षक" लेखी श्री निर्देशक, नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयलाई सम्बोधन गरेको हुनु पर्नेछ।

२. तल उल्लेखित कार्य सम्वन्धी दरभाउपत्र पेश गर्दा छुट्टा छुट्टै खाममा सिलबन्दी गरी पेश गर्नु पर्नेछ।

| क्र.सं. | विवरण | लागत रु. (मु.अ.कर सहित) | जम्मा गर्नुपर्ने धरौटी रकम रु. |
|---|---|---|---|
| १ | अधिकृत आवास गृहमा सोलार हिटर जडान सम्वन्धी सम्पुर्ण कार्य गर्ने | ५,७४,११०।७९ | १८,०००।- |
| २ | कार्यालयमा कम्प्युटर नेटवर्किङ वायरिङ सम्वन्धी सम्पुर्ण कार्य गर्ने | ४,९४,२०५।५० | १५,०००।- |
| ३ | कार्यालयमा सिसिटिभी जडान सम्वन्धी सम्पुर्ण कार्य गर्ने | १,९३,७००।- | ६,०००।- |

३. दरभाउपत्र पेश गर्दा दरभाउपत्र फाराम साथ दरभाउपत्र जमानत रकम स्वरुप माथि उल्लेखित धरौटी रकम यस बैंकको स.क्रे.हि. खाता नं. १८०९९९९.०११.०००.५२४ मा नगद जम्मा गरेको भौचर वा यस बैंकबाट ईजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाबाट दरभाउपत्र पेश गर्ने अन्तिम मितिले कम्तीमा ७५ (पचहत्तर) दिनको लागि जारी गरेको जमानत पत्र पेश गर्नु पर्नेछ। उक्त विडवण्ड दरभाउ सम्बन्धी निर्णय भएपछि फिर्ता गरिने छ।

४. दरभाउपत्र फारमसाथ फर्म वा कम्पनीको नवीकरण भएको व्यवसाय दर्ता प्रमाण पत्र, इजाजत पत्र, गत आर्थिक बर्षको आयकर चुक्ता एवं मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राख्नु पर्नेछ।

५. निर्णय अनुसार स्वीकृति पाउने दरभाउपत्रदाताले सूचना पाएको मितिले ७ (सात) दिन भित्र आफूले कबूल गरेको रकमको ५ (पाँच) प्रतिशतले हुने नगदै वा कुनै बैंक वा वित्तीय संस्थाले १ (एक) वर्षका लागि जारी गरेको कार्य सम्पादन जमानत (Performance Guarantee) पेश गरी खरिद सम्झौता गर्नुपर्नेछ।

६. प्राप्त दरभाउपत्र स्वीकार गर्ने, नगर्ने तथा आंशिक रुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ।

७. दरभाउपत्र पेश गर्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा वा काबु बाहिरको परिस्थिति उत्पन्न हुन गएमा उक्त दिन वा परिस्थिति पश्चात कार्यालय खुलेको पहिलो दिनमा तोकिएको समयसम्म दरभाउपत्र बुझ्ने र सोही दिन खोलिने छ।

८. दरभाउपत्र यस बैंकको आन्तरिक प्रशासन फाँटबाट रु. ५००।- (अक्षरेपी पाँच सय मात्र) तिरी (फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ।

९. यस सम्बन्धी अन्य शर्तहरु बैंकले दरभाउपत्रमा उल्लेख गरे अनुसार हुनेछ। थप जानकारी चाहिएमा यस कार्यालयको फोन नं. ०६१-४६२७१४ र ०६१-४६३४२१ मा सम्पर्क गरी बुझ्न सकिनेछ।

१०. उपरोक्त अनुसार रीत नपुगेको वा म्यादभित्र प्राप्त नभएको दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन।

११. यो सूचना www.nrb.org.np मा समेत हेर्न सकिनेछ।

निर्देशक